सन् २०२१, जुन २९

आदरणिय अभिभावकज्युहरु

आकिताकाता नगर प्रमुख इसिमारु सिन्जी

## कोरोना भाईरसको खोप लगाउने बारे

आकिताकाता नगरमा संक्रमण फैलनबाट प्रभावकारी रुपमा रोक्नका लागि, १२ वर्ष देखी १८ वर्ष उमेरका बासिन्दाहरु तथा उनिहरुका अभिभावकहरुलाई प्राथमिकता दिने गरी फ्रेमवर्क तयार गरिएको छ (यस सुचना सँगै राखिएको अर्को पाना हेर्नुहोस्)।

यद्यपि, खोप लगाउने निर्णय तपाईको स्वेच्छिक हो, अनिवार्य होईन। खोपको साइड ईफेक्ट (अन्य असार) हरुमा खोप लगाएको ठाँउमा दुख्ने, टाउको दुख्ने, कम्पन छुट्ने, ज्वरो आउने, तथा विरलो रुपमा स्वास्थ्यमा हानी※ हुन सक्ने जोखिम पनि रहेको छ। तसर्थ, खोपको रोग लाग्नबाट रोक्ने र बढ्न नदिने प्रभावकारिता सँगसँगै साइड ईफेक्टहरुको बारेमा पुर्ण रुपमा बुझेर मात्रै निर्णय गर्नु हुन अनुरोध गरिन्छ।

※कथम कदाचित्, कोरोना भाईरसको खोपको कारणले स्वास्थ्यमा समस्या आएमा, खोप सम्बन्धित कानुन अनुसार राहत सहयोग प्राप्त गर्न सक्नुहुनेछ।

सम्भावित एलर्जी तथा साइड ईफेक्टहरुको बारेमा थप जानकारी पाउनका लागि, तल दिइएको स्थानमा परामर्श गर्नुहोला।

हिरोशिमा प्रान्त (पृफेक्चर्), कोरोना भाईरसको खोप सम्बन्धी कल सेन्टर

- फोन: ०८२-५१३-२८४७ (हप्ताको सातै दिन्, बिदाको दिनमा पनि, चौविसै घण्टा सम्पर्क गर्न सकिने)
- फ्याक्स: ०८२-२११-३००६

सम्पर्क
स्वास्थ्य तथा दिर्घायु शाखा, स्वास्थ्य प्रवर्धन विभाग
फोन: ०८२६-४२-५६३३
ओतासुके फोन: ४२-५६३३
फ्याक्स: ०८२६-४७-१२८२